आज मिति २०७९ साल आश्विन २८ गते शुक्रवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| | | | |

२०७९/६/२८
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं. प्रदेश

०७९/६/२८
अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. लोक सेवा आयोगको तयारी कक्षा संचालन सम्वन्धमा
२. जेष्ठ, अशक्त नागरिक यातायात सेवा संचालन सम्वन्धमा
३. उद्यम विकास सहजकर्ता नियुक्ति सम्वन्धमा
४. मेलमिलाप केन्द्र व्यवस्थापनको नपुग रकम भुक्तानी सम्वन्धमा
५. ल्याण्ड क्रुजरको मर्मत रकम भुक्तानी सम्वन्धमा
६. गरिवि वर्गीकरण र घर नं अध्यावधिक सम्वन्धमा
७. वालमैत्री रणनीति योजना निर्माण सम्वन्धमा
८. डस्टविन खरीद सम्वन्धमा
९. वडा कार्यालयहरुलाई साउण्ड सिस्टम खरीद सम्वन्धमा
१०. डिजल र पेट्रोल आपूर्ति सम्वन्धमा
११. घारे सामुदायिक कृषि फर्मको जग्गा भाडा भुक्तानी सम्वन्धमा
१२. सुत्केरी महिलाहरुको लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन सम्वन्धमा
१३. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं १**
गाउँपालिकावाट जेहेन्दार विद्यार्थीहरुलाई लोक सेवा आयोगको तयारी कक्षा संचालन गर्नको लागि आमचोक गाउँपालिका क्षेत्र भित्रका जेहेन्दार र विपन्न सहभागीहरु छनौट गरी खरीदार र नासु तयारी कक्षाको लागि लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने काठमण्डौको संस्थासंग सम्झौता गरी पठाउने । खाना र वासको लागि छात्रवाससंग सम्झौता गरी सहभागीहरुलाई छात्रवासमा राख्ने साथै काठमाण्डौ सम्मको आउदा र जाँदाको यातायात खर्च गाउँपालिकावाट उपलव्ध गराउने ।

**निर्णय नं २**
जेष्ठ, अशक्त नागरिक यातायात सेवा संचालन गर्ने गाउँपालिकाको नीति,कार्यक्रम र वजेट वमोजिम खरीद समितिले यातायात साधनको खरीद विधि, प्रकृया र दररेट तयारी गरी आगामी कार्यपालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं ३**
उद्यम विकास सहजकर्ता छनौट समितिको सिफारिस वमोजिम भेरीगंगा न.पा.-१३ शुर्खेत निवासी गंग वहादुर वस्नेतको छोरी धनसरी वस्नेत भण्डारीलाई गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको सहजकर्ता पदमा मिति २०७९ कार्तिक १ गतेदेखि लागु हुने गरी २०७९ पौष मसान्त सम्मको लागि गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ वमोजिम सेवा सुविधा पाउने गरी करारमा नियुक्ति गर्ने ।

**निर्णय नं ४**
सकेन्वा फलफुल तथा जडिवुटी सप्लायर्सद्वारा मेलमिलाप केन्द्र व्यवस्थापनको लागि १० वटा दराज उपलव्ध गराएकोमा मुल्य अभिवृद्धि कर सहित रु.२०००००। (अक्षेरुपी दुइलाखमात्र) हुनु पर्नेमा अल्या दायित्वमा मुल्य अभिवृद्धि कर छुट हुन गई रु.१७७०००। मात्र रकम विनियोजन भएकोले मुल्य अभिवृद्धि करको नपुग रकम रु.२३०००। हजार अल्या विविध शिर्षकवाट थप गरी जम्मा रु.२०००००। भुक्तानी दिने ।

**निर्णय नं ५**
आमचोक गाउँपालिकामा सञ्चालित ल्याण्ड क्रुजरको मर्मत पाथिभारा अटो केयर सेन्टर इटहरीमा भएकोले मुल्य अभिवृद्धि कर सहितको खर्च रकम रु.५३४२३०। (अक्षेरुपी रु पाँचलाख चौंतिसहजार दुइसय तीसमात्र) भुक्तानी दिने ।

**निर्णय नं ६**
आमचोक गाउँपालिकाको सवै वडाहरुको घरधुरीहरुको गरिवि वर्गिकरण भइसकेको र यस आर्थिक वर्षमा गरिवि वर्गीकरणको अध्यावधिक गर्नु पर्ने भएकोले फारममा उल्लेख भए वमोजिम अध्यावधिक गरि पठाउनुको साथै प्रत्येक घरहरुको छुट भएको र थप गर्नु पर्ने घर नं वडा समितिको वैठकवाट स्वीकृत गरी पठाउने ।

**निर्णय नं ७**
आमचोक गाउँपालिकाको वालमैत्री रणनीति योजना निर्माणको लागि गाउँसभावाट रु.३ लाख वजेट विनियोजन भएकोले सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम परामर्श सेवा छनौट गरी वालमैत्री रणनीति योजना निर्माण गर्ने ।

२०७९।६।२८
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर

०७९।६।२८
अशोक राई
अध्यक्ष

**निर्णय नं ८**
गाउँसभावाट विनियोजित रु.५ लाख वजेटले प्लाष्टिकको रातो र हरीयो रङको डस्टविन सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम खरीद गरी सवै वडाहरु र आवश्यक स्थानहरुमा वितरण गर्ने ।

**निर्णय नं ९**
गाउँसभावाट विनियोजित रु.३ लाख वजेटले सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम सवै वडाहरुको लागि साउण्ड सिस्टम खरीद गरी वितरण गर्ने ।

**निर्णय नं १०**
आमचोक गाउँपालिकाको कार्यालयमा रहेको जेनेरेटर,ल्याण्ड क्रुजर, व्याकहोलोडर,एम्वुलेन्स र ट्र्याक्टर सञ्चालन गर्नको लागि आवश्यक डिजल र गाउँपालिकाको शाखाहरुमा रहेको मोटरसाइकल र वडाहरुमा रहेको मोटरसाइकलको लागि आवश्यक पर्ने पेट्रोलको आपूर्तिको लागि रंगलक्ष्मी सप्लायर्स,वेलका-९ ,उदयपुरसंग सम्झौता गर्ने ।

**निर्णय नं ११**
नमुना घारे सामुदायिक कृषि फर्म संचालन गर्नको लागि आमचोक १० निवासी गोविन्द वहादुर वस्नेतसंग वार्षिक भाडा रु.१३०००। र आमचोक १० निवासी रामश्वर राईको रु.४८५००। मा जग्गा भाडा सम्झौता भएको र दुइ वर्ष पछाडी सञ्चय आवृतिको नियम अनुसार १० प्रतिशत वृद्धि हुने सम्झौता वमोजिम जम्मा २ वर्षको गोविन्द वहादुर वस्नेतलाई रु.२७३००। र रामश्वर राईलाई रु.१०१८५०। गरी जम्मा रु.१२९१५०। (अक्षेरुपी एकलाख उनन्तिसहजार एकसय पचासमात्र) भुक्तानी दिने

**निर्णय नं १२**
आमचोक गाउँपालिकाको नीति कार्यक्रम अनुसार सुत्केरी महिलाहरुले सुत्केरी अवस्थामा आमचोक गाउँपालिका भित्र एम्वुलेन्सको प्रयोग गर्नु पर्ने अवस्था भएमा निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराउने ।

**निर्णय नं १३**
आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराने ।
क) आमचोक ७ निवासी कविरमान तामाङ्को छोरा मिसन तामाङको घर आगलागी भएको र ४ लाख क्षति भएको प्रहरी प्रतिवेदन प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.१००००।(अक्षेरुपी दसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक ५ निवासी टेकवहादुर राईको छोरा वर्ष ८ को अनमोल राई हाड क्यान्सर भइ खुट्टा काट्नु परेको अस्पताल रेकर्ड प्राप्त भएको र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.२५०००। (अक्षेरुपी पच्चिसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ग) आमचोक ९ निवासी कर्ण वहादुर मगरको छोरा मंगल सिं मगरको २०७९ श्रावणदेखि देब्रे आँखा वन्द भइ अर्को आँखा पनि वन्द हुन लागेको र उपचार गर्नको लागि आर्थिक अवस्था कम्जोर भएको वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१५०००। (अक्षेरुपी पन्ध्रहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

२०७९।६।२८
प्रमुख प्रशासकीय अधिकृत

०७९।६।२८
अशोक राई
अध्यक्ष